# पनौती नगरपालिका
## Panauti Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पनौती
Panauti

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal


पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ..........................

२०८१/१२/३१

विषयः छात्रवृत्तिका लागि निवेदन पेश गर्ने सूचना ।

यस नगरपालिकाको वार्षिक कार्यक्रम बमोजिम कक्षा ११-१२ र स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि तपसिल बामोजिमका आधारमा नगरपालिकाले छात्रवृत्ति उपलब्ध गराउने भएकोले तपसिल बमोजिमको कागजातहरु सम्लग्न राखी यसै साथ सम्लग्न अनुसूची-३ फाराम भरी मितिः२०८२/०१/३० गते भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) <u>छात्रवृत्ति प्राप्त गर्ने आधारः</u>

१. छात्रवृत्तिका लागि निवेदन पेश गर्ने विद्यार्थीहरुले कक्षा ११-१२मा अध्ययनरत भए एस् ई.ई. र स्नातकमा अध्ययनरत भए कक्षा ११-१२ को परीक्षामा ग्रेड पोइन्ट २.० (C+) भन्दा बढी प्राप्ताङ्क प्राप्त गरेको हुनुपर्नेछ ।

२. बाबु आमा (दुवै) बिहिन बालबालिका भएमा ग्रेडपोइन्ट २.० (C+)भन्दा घटी प्राप्ताङ्क प्राप्त गरे पनि निवेदन गर्न सकिने ।

३. यो छात्रवृत्ति पनौती नगरपालिका भित्र स्थायी बसोबास भई पनौती नगरपालिका भित्रका विद्यालय तथा क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरुलाई मात्र उपलब्ध गराइनेछ तर अन्यत्र स्थायी बासोबास भई यस न.पाको शैक्षिक संस्थाहरुमा अध्ययनरत ग्रेड पोइन्ट ३.६ भन्दा बढी (A+) प्राप्त गरेका सबै विद्यार्थीहरुलाई यो छात्रवृत्ति दिइनेछ ।

(ख) <u>छात्रवृत्तिको निवेदन साथ सम्लग्न गर्नुपर्ने कागजातहरुः</u>

१. यसै साथ सम्लग्न अनुसूची फाराम-३ बमोजिमको निवेदन र अनुसूची -३ मा उल्लेखित सम्लग्न गर्नुपर्ने कागजातहरु।

२. सम्बन्धित विद्यार्थीको नाममा रहेको बैंक खाताको विवरण (बैंकको नाम, शाखा र खाता नं.) र सो बैंकबाट उपलब्ध गराइएको चेकको फोटोकपी ।

३. बिबाह भई पनौती न.पा. आएको भए बिबाह दर्ता प्रमाणपत्रको फोटोकपी ।

४. छात्रवृत्ति प्राप्त भएमा सो रकमबाट विद्यालय तथा क्याम्पसमा बुझाउनुपर्ने शुल्क अनिवार्य बुझाउने छु र अध्ययनलाई निरन्तरता दिने छु भनी कबुलियतनामा पत्र ।

५. कक्षा ११-१२ मा अध्ययनरतले एस्.ई.ई. को लब्धाङ्क पत्र र स्नातकमा अध्ययनरतले कक्षा ११-१२को ट्रान्सक्रिप्टको फोटोकपी ।

२०८१/१२/३१

प्रणराज न्यौपाने
निर्देशक

Phone: 011-440138, 011-440136, Fax No.: 011-440137, Website: www.panautimun.gov.np, Email: info@panautimun.gov.np

CamScanner

प्रणराज न्यौपाने
निर्देशक

**अनुसूचि ३**

**छात्रवृत्तिका लागि दिइने निवेदन**

मिति :-...............................

श्रीमान् नगरप्रमुखज्यू
पनौती नगरकार्यापालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक ।

**विषय :- छात्रवृत्ति पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा पनौती नगरपालिका वडा नं.........बस्ने श्री ................................. को छोरी/छोरा/श्रीमती म......................................श्री ..................................विद्यालय/क्याम्पस मा कक्षा .........मा अध्ययनरत रहेको व्यहोरा अवगत गराउँछु । मेरो आर्थिक अवस्था अन्त्यन्तै कमजोर रहेको र विद्यालय/ क्याम्पसको शिक्षण शुल्क समेत तिर्न नसक्ने अवस्था आएकोले देहायको विवरण सहित ताँहा नगरपालिकावाट छात्रवृत्ति उपलव्ध गराइ शिक्षण सिकाईमा सहयोग पुर्‍याइदिनुहुन अनुरोध गर्दछु ।

**तपसिल**

१) नाम थर :
२) ठेगाना :
३) जन्म मिति :
४) बिबाहित/अबिबाहित :
५) पिता/पतिको नाम,थर :
६) पिता/पतिको पेशा :
७) **स्थायी सम्पति** (आफ्नो,पति,पिता,आमा,सगोलमा रहेका दाजुभाइ र बिबाहित महिलाको हकमा सासु ससुरा समेतको नाममा रहेको) :
क) घर संख्या : .......... कच्ची ...........पक्की .......
ख) जग्गा जमिन : बारी ..............रोपनी, खेत ............रोपनी
ग) पशु ,चौपाया : भैंसी ............गाई ......... खसी,बाखा ............
घ) अन्य :..........

**निवेदकको दस्तखत :**
**नाम थर :**
**संरक्षकको दस्तखत :**
**नाता :**

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१. क्याम्पसमा अध्ययनरत विद्यार्थीको हकमा कक्षा ११-१२ को ट्रान्सक्रिप्ट र नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. कक्षा १-१२ को हकमा हाल अध्ययनरत रहेको कक्षा भन्दा अघिल्लो कक्षाको लव्धांक पत्र ।
३. सम्वन्धित क्याम्पस/ विद्यालयमा भर्ना भई अध्ययनरत रहेको प्रमाणित सहितको सिफारिस ।
४. सम्वन्धित वडाको पारिवारिक, आर्थिक अवस्था खुल्ने गरी सिफारिस ।
५.आमा-बाबु बिहिन वा कुनै एक जना मात्र भएको विद्यार्थीको हकमा मृत्युदर्ता प्रमाणपत्र ।
६.फरक क्षमता /अपांग भए सो खुल्ने प्रमाण, अपांग परिचयपत्र ।
६.अघिल्लो कक्षाको लव्धांक पत्र ।

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल
२०७३

CamScanner